# 5 प्रत्येक विद्यार्थीको सफलता ऐन (Every Student Succeeds Act) को लागि न्यूयोर्क राज्यको योजनाको बारेमा प्रत्येक अभिभावकले जान्न पर्ने कुराहरू

New York State EDUCATION DEPARTMENT
Knowledge > Skill > Opportunity

| | |
|---|---|
| **ESSA भनेको के हो ?** | प्रत्येक विद्यार्थीको सफलता ऐन (Every Student Succeeds Act (ESSA)) भनेको संघीय कानून हो जसले राज्यहरूले सार्वजनिक विद्यालयहरूलाई समर्थन गर्नका लागि संघीय रकम कसरी प्रयोग गर्न सक्छन् भन्ने कुराको रूपरेखा बनाउँछ । सेप्टेम्बर 2017 मा, न्यूयोर्क राज्यले न्यू योर्कले ESSA अन्तर्गत वार्षिक रूपमा प्राप्त गर्ने लगभग $1.6 बिलियनका लागि आफ्नो योजना पेश गर्‍यो । |
| **यसले किन महत्त्व राख्छ ?** | न्यूयोर्क राज्य विद्यार्थीहरू को हुन्, उनीहरू कहाँ बस्छन्, उनीहरू कहाँको विद्यालयमा जान्छन् वा उनीहरू कहाँबाट आउँछन् जस्ता कुराहरूलाई वास्ता नगरीकन सम्पूर्ण विद्यार्थीहरू विद्यालयमा सफल हुन्छन् र अगाडि बढ्छन् भनी सुनिश्चित गर्न प्रतिबद्ध छ । शरद ऋतु 2016 देखि, न्यूयोर्क राज्यले *सम्पूर्ण* विद्यार्थीहरूका लागि समानता, पहुँच र अवसर तर्फ अगाडि बढ्ने योजनाको ढाँचा तयार गर्नका लागि प्रतिक्रिया खोजिरहेको छ । |
| **अभिभावकहरूले के कुरा थाहा पाउन आवश्यक छ ?** | अभिभावक र परिवारहरूका लागि योजनामा भएका महत्त्वपूर्ण तत्वहरूका विशिष्टताहरू तल छन् । योजनाको बारेमा थप जान्नका लागि हामी तपाईंलाई यो लिङ्कमा जान प्रोत्साहन गर्छौं: http://www.p12.nysed.gov/accountability/essa.html |

## 1 न्यूयोर्क राज्यले सबैका लागि पूर्ण विकसित शिक्षाको मान्यता राख्छ ।

अभिभावक र परिवारहरूले आफ्नो बच्चाको विद्यालयले शैक्षिक विषयहरूमा मात्र नभएर अन्य धेरै क्षेत्रहरूमा कसरी कार्यसम्पादन गरिरहेको छ भन्ने कुरा जान्नुपर्छ ।

**विद्यालय र जिल्लाहरूलाई निम्न सूचकहरूमा वार्षिक रूपमा मापन गरिनेछ:**

**सबै विद्यालयहरूका लागि**

- अंग्रेजी भाषा कला
- गणित
- विज्ञान
- सिकाइमा प्रगति (यो नबोल्नेहरूका लागि)
- बहुकालीन अनुपस्थिति (अपवादहरू सहित 18+ दिन अनुपस्थित)

**हाइ स्कूलहरूका लागि**

- सामाजिक शिक्षा
- स्नातक दर
- कलेज, करियर र नागरिक तत्परता सूचक: उन्नत पाठ्यक्रम अध्ययन गर्ने, प्राविधिक शिक्षा प्रमाणपत्रहरू आर्जन गर्ने, आदि

**भावी सूचकहरू:**

- विद्यालय बाहिरका निलम्बनहरू (2018-19 को परिणामहरूबाट सुरु हुने)
- हाइ स्कूलका लागि तयार हुने (तथ्याङ्क उपलब्ध भएपछि)
- “सिक्ने वातावरण” सूचकहरू (उदाहरण, कक्षाको आकार, कला कक्षाहरूमा पहुँच)

## 2 न्यूयोर्क राज्यले परीक्षण समय कम गरी परीक्षण अनुभवलाई सुधार्न चाहन्छ ।

ग्रेड 3-8 अंग्रेजी र गणितको परीक्षणहरू 2018 मा प्रत्येकमा दुई दिनसम्म कम गरिनेछ।

राज्यले विद्यार्थीको ज्ञानको मूल्याङ्कन गर्न नयाँ तरिकाहरू प्रयास गर्नेछ जसले विद्यार्थीहरूलाई कार्यसम्पादन कार्यहरू पूरा गरी प्रस्तुत गर्न अनुरोध गर्न सक्छ ।

**95%**

संघीय कानूनलाई परीक्षण गरिएका प्रत्येक ग्रेडमा र उपयुक्त परीक्षणहरू लिनका लागि उपसमूहमा 95% विद्यार्थीको आवश्यकता पर्छ। न्यू योर्क राज्यले सहभागिता वृद्धि गर्नका लागि अभिभावक, विद्यार्थी र जिल्लाहरूसँग कार्य गर्नेछ ।

न्यूयोर्क राज्यले गणित र विज्ञानका परीक्षणहरू थप भाषाहरूमा अनुवादन गर्न जारी राख्नेछ र रकम उपलब्ध हुँदा, विद्यार्थीको मातृभाषामा भाषा कला परीक्षण सिर्जना गर्नेछ ।

## 3 न्यू योर्क राज्यले शिक्षक र विद्यालयका नेतृत्वकर्ताहरूलाई सफलताका लागि तयार रहन मद्दत गर्नेछ र सम्पूर्ण विद्यार्थीहरूले उत्कृष्ट शिक्षकमा पहुँच प्राप्त गर्छन् भनी सुनिश्चित गर्नेछ।

राज्यले शिक्षक र नेतृत्वकर्ताहरू आफूहरू पहिलो दिनमा तयार छन् भनी सुनिश्चित गर्न कसरी तयार हुन्छन् भन्ने कुराका परिवर्तनहरूमा हेर्नेछ।

न्यूयोर्क राज्यमा धेरै उत्कृष्ट शिक्षकहरू छन्। हामीले सम्पूर्ण विद्यालयहरूसँग उनीहरूलाई आकर्षण गर्ने र राख्ने क्षमता छ भनी सुनिश्चित गर्नेछौं।

## 4 न्यूयोर्क राज्यले उनीहरूको बच्चाको विद्यालय सुधारका लागि पहिचान गरिदाँ थप मद्दतका लागि अभिभावकहरूमाथि भरोसा गर्दैछ।

यदि तपाईंको बच्चाको विद्यालयलाई न्यून-कार्यसम्पादन गर्नेको रूपमा पहिचान गरिन्छ भने ....

... त्यसपछि यसले अभिभावक, शिक्षक र विद्यार्थीहरूलाई विद्यालयले कसरी उत्कृष्ट गर्न सक्छ जस्तो लाग्छ भनी सोध्नेछ ...

... र तपाईंले विद्यालयले सुधार गर्नका लागि प्राप्त गर्ने संघीय रकमको भाग कसरी खर्च गर्छ भन्ने कुरा भन्नु पर्नेछ।

## 5 न्यूयोर्क राज्यले अभिभावकहरूलाई उनीहरूको बच्चाको विद्यालयको थप पूरा तस्वीर उपलब्ध गराउनेछ।

नयाँ सार्वजनिक रिपोर्टहरूले गोपनीयता कानूनहरूको अनुकूल हुने गरी विद्यार्थीको परीक्षाका अंक, स्नातक दर र विद्यालय, जिल्ला र राज्यका लागि अन्य परिणामहरूको बारेमा जानकारी देखाउँनेछन्।

\+

रिपोर्टहरूले कक्षाको आकार वा विद्यार्थीहरूका लागि कलाहरूमा सहभागी हुने अवसरहरू जस्ता अभिभावकहरूले एकदमै अधिक रूपमा ध्यान दिने कुराहरूको बारेमा पनि जानकारी दिनेछन्।

\+

अभिभावकहरूले नयाँ रिपोर्टहरू मार्फत प्रत्येक विद्यालयले प्रति विद्यार्थी कति खर्च गरिरहेको छ भन्ने कुरा थाहा पाउनुहुनेछ।

जिल्ला, विद्यालय र न्यूयोर्क राज्य शिक्षा विभागले खर्चलाई समायोजन गर्नमा र विद्यार्थीहरूका आवश्यकताहरूलाई पूरा गर्नका लागि नयाँ तरिकाहरू अपनाउनमा जिल्लाहरूलाई मद्दत गर्नका लागि उक्त जानकारी प्रयोग गर्नेछन्।